## कञ्चन गाउँपालिकाको गाउँसभाको २० औ अधिवेशन अन्तर्गत मिति २०८३ आषाढ १ गते बसेको बैठकको निर्णयहरू

प्रस्तावहरू

१. गाउँसभाको बिसौ अधिवेशन आव्हान गरेको पत्रको जानकारी सम्बन्धमा,

२. शुभकामना ज्ञापन,

३. समसामयिक छलफल सम्बन्धमा,

४. कञ्चन गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा,

निर्णयहरू

**१. गाउँसभाको बिसौ अधिवेशन आव्हान गरेको पत्रको जानकारी सम्बन्धमा,**

गाउँपालिकाका अध्यक्ष श्री नवराज ढकालज्यूबाट गाउँसभाको बिसौ अधिवेशन आव्हान गरेको पत्र गाउँसभा समक्ष वाचन गर्नुभयो ।

**२. शुभकामना ज्ञापन,**

कञ्चन गाउँपालिकाको गाउँसभाको २० औ अधिवेशनको प्रारम्भमा देहाय बमोजिमका गाउँसभा सदस्यहरूबाट अधिवेशनको सफलताको शुभकामना ज्ञापन गर्ने कार्य सम्पन्न भयो :

<u>देहाय</u>

मिना बि.क.

कुमारी घर्ती मगर

चित्रलाल तुलाचन

**३. समसामयिक छलफल सम्बन्धमा,**

कञ्चन गाउँपालिकाको गाउँसभाको २० औ अधिवेशनको समसामयिक छलफलमा भाग लिने कुनै पनि सभासदस्यको नाम प्राप्त नभएको ।

**४. कञ्चन गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।**

कञ्चन गाउँपालिकाको गाउँसभाको २० औ अधिवेशनको पहिलो बैठकमा गाउँपालिकाका अध्यक्ष श्री नवराज ढकालज्यूद्वारा गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत भई १५ मिनेटका लागि सभा स्थगन गर्नुभयो ।

## कञ्चन गाउँपालिकाको गाउँसभाको २० औ अधिवेशन अन्तर्गत मिति २०८३ आषाढ १ गते बसेको दोस्रो बैठकको निर्णयहरू

प्रस्तावहरू

१. कञ्चन गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम छलफल र पारित सम्बन्धमा,

२. विविध ।

निर्णयहरू

**१. कञ्चन गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम छलफल र पारित सम्बन्धमा ।**

कञ्चन गाउँपालिकाको गाउँसभाको २० औ अधिवेशनको पहिलो बैठकमा गाउँपालिकाका अध्यक्ष श्री नवराज ढकालज्यूले पेश गर्नु भएको गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम उपर छलफल भई सभासमक्ष कञ्चन गाउँपालिकाको आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम निर्णयार्थ पेश हुँदा सर्वसहमतिले पारित भयो ।

२. विविध

**क. गाउँसभाको २० औ अधिवेशनको तेस्रो बैठक आव्हान सम्बन्धमा,**

गाउँसभाको २० औ अधिवेशनको तेस्रो बैठक मिति २०८३ आषाढ ७ गते बिहान ठिक ८ बजे बस्ने गरी २० औ अधिवेशनको दोस्रो बैठक स्थगित भयो ।

नवराज ढकाल
गा. पा. अध्यक्ष

**कञ्चन गाउँपालिकाको गाउँसभाको २० औं अधिवेशन अन्तर्गत मिति २०८३ आषाढ ७ गते बसेको बैठकको निर्णयहरू**

प्रस्तावहरू

१. गाउँसभाको २० औ अधिवेशनको तेस्रो बैठकको शुन्य समय,
२. कञ्चन गाउँपालिकाको मध्यकालीन खर्च संरचना २०८२/८३-२०८४/८५ र आर्थिक सर्वेक्षण, २०८३ पेश छलफल र पारित सम्बन्धमा,
३. कञ्चन गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई व्यवस्थित गर्न बनेको विधेयक आर्थिक विधेयक, २०८३ पेश र प्रस्तुती सम्बन्धमा,
४. कञ्चन गाउँपालिकाको विनियोजन विधेयक, २०८३ पेश र आ.व. २०८३/८४ को बजेट वक्तव्य प्रस्तुती र खर्च सम्बन्धी मापदण्ड पेश सम्बन्धमा,
५. विविध ।

निर्णयहरू

**१. गाउँसभाको २० औ अधिवेशनको तेस्रो बैठकको शुन्य समय**

कञ्चन गाउँपालिकाको गाउँसभाको २० औ अधिवेशनको तेस्रो बैठकको शुन्य समयमा लुम्बिनी प्रदेश अन्तर्गतका गाउँसभा र नगरसभा कार्य सञ्चालन कार्यविधि, २०७६ को दफा २४ उपदफा १ बमोजिम शुन्य समयमा कुनै पनि सदस्यले भाग नलिएको ।

**२. कञ्चन गाउँपालिकाको मध्यकालीन खर्च संरचना २०८२/८३-२०८४/८५ र आर्थिक सर्वेक्षण, २०८३ पेश छलफल र पारित सम्बन्धमा,**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा रणनीतिक विषय क्षेत्रगत, बार्षिक, स्थानीय स्तरको विकासका लागि आवधिक मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागु गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै गरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था गरेको र दफा १७ ले यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्च प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था बमोजिम कञ्चन गाउँपालिकाको मध्यकालीन खर्च संरचना २०८२/८३-२०८४/८५ र आर्थिक सर्वेक्षण, २०८३ सभामा पेश र प्रस्तुत भई सर्वसहमतिले पारित भयो ।

**३. कञ्चन गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई व्यवस्थित गर्न बनेको विधेयक आर्थिक विधेयक, २०८३ पेश र प्रस्तुती सम्बन्धमा,**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १० को दफा ७१(१) को प्रयोजनार्थ कञ्चन गाउँपालिका अध्यक्ष श्री नवराज ढकालज्यूको अध्यक्षतामा मिति २०८३ आषाढ ४ गते बसेको गाउँकार्यपालिकाको बैठकको निर्णयबाट स्वीकृत भई आए बमोजिम गाउँपालिका उपाध्यक्ष श्री मौसमी

थापामगरज्यूबाट आगामी आ.व. २०८३/८४ का लागि देहाय बमोजिम विधेयक सभासमक्ष पेश भयो
—

क. कञ्चन गाउँपालिकाको आर्थिक विधेयक, २०८३

४. **कञ्चन गाउँपालिकाको विनियोजन विधेयक, २०८३ पेश र आ.व. २०८३/८४ को बजेट वक्तव्य प्रस्तुती र खर्च सम्बन्धी मापदण्ड पेश सम्बन्धमा,**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १० को दफा ७१(१) को प्रयोजनार्थ कञ्चन गाउँपालिका अध्यक्ष श्री नवराज ढकालज्यूको अध्यक्षतामा मिति २०८३ आषाढ ४ गते बसेको गाउँकार्यपालिकाको बैठकको निर्णयबाट स्वीकृत भई आए बमोजिम गाउँपालिका उपाध्यक्ष श्री मौसमी थापामगरज्यूबाट आगामी आ.व. २०८३/८४ का लागि देहाय बमोजिमको विधेयक तथा मापदण्ड सभासमक्ष पेश भयो

<u>देहाय</u>

क. कञ्चन गाउँपालिकाको विनियोजन विधेयक, २०८३,

ख. कञ्चन गाउँपालिकाको आ.व. २०८३/८४ को खर्च सम्बन्धी मापदण्ड, २०८३

ग. कञ्चन गाउँपालिकाको आ.व. २०८३/८४ को अनुमानित आय/व्यय विवरण (शिर्षकगत कार्यक्रम सहित)

५. विविध

**गाउँसभाको २० औ अधिवेशनको चौथो बैठक आव्हान सम्बन्धमा,**

गाउँसभाको २० औ अधिवेशनको चौथो बैठक मिति २०८३ आषाढ १७ गते दिनको ठिक १ बजे बस्ने गरी २० औ अधिवेशनको चौथो बैठक स्थगित भयो ।

बैठक नं. ४ गाउँसभाको विसौं अधिवेशन /२०८३-०३-१७ गते

कञ्चन गाउँपालिकाको गाउँसभाको २० औ अधिवेशन अन्तर्गत मिति २०८३ आषाढ १७ गते बसेको बैठकको निर्णयहरू

प्रस्तावहरू

१. कञ्चन गाउँपालिकाको न्यायिक समितिको प्रतिवेदन, २०८३ सम्बन्धमा,

२. कञ्चन गाउँपालिकाको आर्थिक विधेयक, २०८३, विनियोजन विधेयक, २०८३, आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा,

३. विविध ।

निर्णयहरू

**१. कञ्चन गाउँपालिकाको न्यायिक समितिको प्रतिवेदन आ.व. २०८२/८३ सम्बन्धमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ (२) बमोजिम गाउँपालिका उपाध्यक्ष एवं न्यायिक समिति संयोजक श्री मौसमी थापा मगरज्यूले सभासमक्ष पेश गर्नुभएको आ.व. २०८२/८३ को न्यायिक समितिको प्रतिवेदन माथि छलफल भई निर्णायार्थ पेश हुँदा उक्त प्रतिवेदन सर्वसहमतिले पारित भयो ।

**२. कञ्चन गाउँपालिकाको आर्थिक विधेयक, २०८३, विनियोजन विधेयक, २०८३, आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम र खर्च सम्बन्धी मापदण्ड सम्बन्धमा,**

मिति २०८३/०३/०७ गते गाउँपालिका उपाध्यक्ष मार्फत सभामा पेश भएका बजेट तथा कार्यक्रम सम्बन्धी छलफल पश्चात उठाउनु भएका जिज्ञासा उपर गाउँपालिका अध्यक्ष श्री नवराज ढकालज्यूबाट जवाफ दिने कार्य भई देहायका विधेयकहरू निर्णयार्थ पेश हुँदा देहाय बमोजिम पारित भयो ।

देहाय

क. कञ्चन गाउँपालिकाको आर्थिक विधेयक, २०८३ (सर्वसहमतिले),

ख. कञ्चन गाउँपालिकाको विनियोजन विधेयक, २०८३ (सर्वसहमतिले),

ग. कञ्चन गाउँपालिकाको आ.व. २०८३/८४ को अनुमानित आय/व्यय विवरण (शिर्षकगत कार्यक्रम सहित) (सर्वसहमतिले)

घ. कञ्चन गाउँपालिकाको खर्च सम्बन्धी मापदण्ड, २०८३ सम्बन्धमा (सर्वसहमतिले) ।

**३. विविध**

**गाउँसभाको २० औ अधिवेशनको अर्को बैठक आव्हान सम्बन्धमा,**

गाउँसभाको २० औ अधिवेशनको अर्को बैठक सूचना जारी नहुँदासम्मका लागि स्थगित भयो ।

प्रमाणित

नवराज ढकाल
गा. पा. अध्यक्ष